Wall of Hope Campaign
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

आदरणीय प्रधानाध्यापक वा प्रशासक,

एक रोमाञ्चक तथा नविन शैक्षिक अभियान युथ स्पिक आउट मा सहभागि हुन हामी तपाईंको विद्यालयलाई आमन्त्रण गर्दछौं । नेपाल भरिका ४०० भन्दा बढी विद्यालयका विद्यार्थीहरुको सहभागितामा सञ्चालन हुन लागेको यस अभियानमा विद्यार्थीहरुले महिला तथा बालिकाहरु विरुद्ध हुने हिंसा बारे स्वयम् अन्वेषण(रिसर्च) गर्नेछन् । यसरी गरिएको अन्वेषणका आधारमा विद्यार्थीहरुले करिब १ अथवा २ मिनेटको वक्तृत्व तयार पारि प्रस्तुतीकरण सहितको भिडियो तयार पार्नेछन् । आफुले तयार पारेको भिडियोलाई विद्यार्थीहरुले आफ्ना साथीहरु सँग जुम अथवा अन्य सामाजिक प्लैटफर्मको प्रयोग गरि अरुमाझ साट्नेछन् । यसरी विद्यार्थीहरुले तयार पारेको भिडियोहरु मध्ये विद्यालयले विभिन्न विधामा उत्कृष्ट वक्तृत्व छनौट गरि राष्ट्रिय प्रतिस्पर्धामा प्रवेश गर्नेछन् । विद्यालयले छनौट गरि पठाएका उत्कृष्ट भिडियोहरुलाई हाम्रो टिमले युट्युबमा अपलोड गर्नेछन् । जहाँ सर्वसाधारणसहित निर्णायक मण्डलले भिडियोको विश्लेषण गर्नेछन् । निर्णायकहरुले विभिन्न शिर्षकमा सर्वोत्कृष्ट भिडियो छनौट गर्नेछन् । सर्वोत्कृष्ट ठहरिएका विद्यार्थीहरुलाई मार्च ८ तारिख, २०२१ का दिन अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आयोजना हुने समारोहमा निमत्याइने छ जहाँ विद्यार्थीहरुले आफ्नो वक्तृत्वलाई राष्ट्रिय टेलिभिजनमा प्रस्तुत गर्नेछन् । विद्यार्थीहरुलाई सोही कार्यक्रमका बिच पुरस्कृत समेत गरिनेछ । यस अभियानमा सहभागि हुने प्रत्येक विद्यालयले सधन्यवाद SOLD नामक पुस्तक प्राप्त गर्नेछन् । विद्यालयहरुले चाहेमा उक्त पुस्कतक उपर निर्माण गरिएको चलचित्र पनि प्राप्त गर्न सक्नेछन् । विद्यालयहरुले फ्लेक्स अथवा भित्तामा वाल अफ होप पनि निर्माण गर्न सक्नेछन् ।

**आवश्यक जानकारीहरु**

युथ स्पिक आउटमा कक्षा ८, ९ र १० का विद्यार्थीहरु सहभागि हुन सक्नेछन् । वक्तृत्वहरु अंग्रेजीमा लेखेर प्रस्तुत गर्न सकिनेछ । नेपाली अथवा नेपालमा प्रयोग हुने जुनसुकै राष्ट्रिय भाषा पनि प्रयोग गर्न सकिनेछ । सांकेतिक भाषाको पनि प्रयोग गर्न सकिनेछ ।

कुनै पनि लैगिंग र यौनिक पहिचान भएका विद्यार्थीहरु सहभागि हुन सक्नेछन् ।

Wall of Hope Campaign
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

डिसेम्बर १५, २०२० बाट वक्तृत्वहरु बुझाउन सकिन्छ ।
फेब्रुअरी १५, २०२१ सम्म वक्तृत्वहरु बुझाई सक्नुपर्नेछ ।
हरेक विषयमा उत्कृष्ट ठहरिएका वक्तृत्वहरुलाई टेलिभिजनको तालिका अनुसार प्रसारण गरिनेछ ।

**वक्तृत्वका विषयहरु**

मानव बेचबिखन, बाल विवाह, सार्वजनिक स्थलमा हुने दुर्व्यवहार, दाईजो प्रथा, अपशब्द प्रयोग गरि हुने दुर्व्यवहार, दम्पत्तीबाट हुने बलात्कार, कार्यस्थलमा हुने उत्पीडन, बोक्सी आरोप, छाउपडि प्रथा, बलात्कार, एसिड आक्रमण, शारीरिक यातना, शैक्षिक अवसरबाट वञ्चितिकरण, डर-त्रास देखाउनु (bullying), सार्वजनिक सवारी साधनमा हुने यौनजन्य हिंसा, साईबर अपराध, महिला जनेन्द्रियलाई विकृत गर्नु (female genital mutilation)

*विद्यालयहरुले हरेक विषयका लागि एक जना विद्यार्थीलाई तयार गर्नुपर्नेछ ।*

**वकालत**

विशेषतः मार्च ८ तारिख, २०२१ का दिन अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा साथै मार्च महिना भरि आयोजना हुने समतामुलक समाज निर्माणका कार्यक्रममा सहभागि हुन सबै विद्यालयलाई विशेष आग्रह गरिन्छ । अन्य जानकारीहरुका लागि हाम्रा संयोजकहरुसँग सल्लाह गर्न सकिनेछ ।

**युथ स्पिक आउटमा कसरी सहभागि हुने ?**

सहभागिताका लागि विद्यार्थीहरुको छनौट गर्नुस् (स्वयम्सेवकहरुको सहायत लिन सकिनेछ) । यसमा जति पनि विद्यार्थी सहभागि हुन सक्छन् । सहभागि हुने विद्यार्थीहरुलाई वक्तृत्व पेश गर्ने अन्तिम मिति तोकिदिनुस् । माथि उल्लेखित सबै विषयहरु समावेश भएका छन् वा छैनन्, ख्याल गर्नुहोला । तपाईं अथवा तपाईंका कर्मचारीहरुले उत्कृष्ट वक्तृत्व छनौट गर्नुहोस् । सबै रेकर्ड गर्नुस् । र, उत्कृष्ट २ देखि १६ वटा वक्तृत्वको भिडियो फेब्रुअरी १५, २०२१ सम्म तल उल्लेखित फाराम भरेर हाम्रो टिमसँग साझा गर्नुस् :
https://docs.google.com/forms/d/e/1FAIpQLSdaMiutPM280RbWj_6zg0_ioUVgj5lJ3SQ6jRL6a9q_PbDsGw/viewform?gxids=7628
अथवा wallofhope@hrffn.org by Feb 15, 2021 मा इमेल गर्नुस् ।

Wall of Hope Campaign
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

## निर्णायक मापदण्ड

| | | |
|---|---|---|
| विषयवस्तु | ज्ञान | १० |
| | मौलिकता | १० |
| | प्रस्तुतीकरण | १० |
| | समय | १० |
| शैली | प्रवाह | १० |
| | शारिरीक हाउभाउ | १० |
| वाई एस ओ फैक्टर | तैयारी | १० |
| | समानुभूति | १० |
| | सिर्जनशीलता | १० |
| | उत्सुकता | १० |
| कुल संख्या | | १०० |

***समय रेखा***

*डिसेम्बर १० : युथ स्पिक आउट सुरुवात*
*डिसेम्बर ११ - फेब्रुअरी १५ : सहभागिताका लागि विद्यालयहरुको दर्ता*
*डिसेम्बर ११ - फेब्रुअरी १० : विद्यार्थीहरुले भिडियो आपसमा साटासाट गर्ने*
*फेब्रुअरी १० : विद्यार्थीहरुले अन्तिम वक्तृत्व प्रधानाध्यापकहरुलाई बुझाउने*
*फेब्रुअरी १० - फेब्रुअरी १५ : उत्कृष्ट वक्तृत्व छनौट गरि भिडियो रेकर्ड गरि वाल अफ होपलाई बुझाउने*
*फेब्रुअरी २८ : उत्कृष्ट मध्येका सर्वोत्कृष्ट वक्तृत्व छनौट, नतिजा प्रकाशन*
*मार्च १ - मार्च ५ : वक्तृत्वहरुको छायांकन*
*मार्च ८ : सम्मान तथा पुरस्कार वितरण समारोह, राष्ट्रिय टेलिभिजनमा प्रसारण*

## सामाजिक सञ्जाल

छनौट भएका वक्तृत्वहरु हाम्रो वेबसाईट, युट्युब तथा फेसबुकलगायतका सामाजिक सञ्जालमा अपलोड गरिनेछ । विद्यालयहरुले आफ्नो विद्यार्थीले तयार प्राय: सबै भिडियोहरु विद्यालयको फेसबुक पेज तथा वेबसाईटमा अपलोड गर्न आग्रह गरिन्छ ।

Youth
SPEAK OUT
2021

**Wall of Hope Campaign**
Chakupat, Patandhoka, Lalitpur
www.wallofhopecampaign.org
Email: wallofhope@hrffn.org

---

## मुल्यांकन तथा अन्तिम रिर्पोटिंग

युथ स्पिक आउट अभियानको निष्कर्ष बमोजिम हामी प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरुलाई मार्च १५ तारिख, २०२१ पुर्व नै सहभागिताको अनलाई फाराम भर्न आग्रह गर्दछौ । साथै तपाईंले आफ्नो विद्यालयको सहभागिता बारे छोटो विवरण पनि लेखेर पनि पठाउनुहुन्छ भन्नेमा हामी आशावादी छौँ ।

कोभिड १९ लाई मध्यनजर गर्दै यो अभियान सञ्चालन भईरहेको छ । कार्यक्रममा सहभागि भईरहँदा कोभिड १९ विरुद्धका सुरक्षा सावधानी बाखुबी पालना गरिनेछ । साथै कुनै प्रश्न, जिज्ञासा अथवा सल्लाह भए हाम्रा संयोजकहरुलाई अवश्यक जानकारी गराउनुहोला ।

*यस रोमाञ्चक अभियानमा आफ्नो विद्यालयको सहभागिता सुनिश्चित गर्नुभएकोमा अनेक अनेक धन्यवाद । यसै ढाँचा भित्र रहेर अन्य कृयाकलापहरु आयोजना गर्नुपरेमा हामीलाई सम्झनुहोला । युवावर्गलाई शिक्षित बनाउने अभियानमा तपाईलाई शुभकामना - रचिभ, अशेष र बेभ*

## ***सम्पर्क विवरण***

Ashesh Shrestha
Cell: 9849663093
Email: inertashesh@gmail.com
Palincha Nepal

Rachiv Dangol
Cell: 9803643405
Email: rachiv@hrffn.org
Human Rights Film Focus Nepal

Bev Hoffman
Cell: 980364305
Email: bev@hrffn.org
Wall of Hope Campaign